आकाशवाणी

22-02-26

सर्वप्रथम मुख्य समाचार----------

- प्रधानमन्त्रीले विश्व भरका नेता, भारतले आर्टिफिशियल इन्टेलीजेन्स को सहायताले प्राचीन ग्रन्थ, ज्ञान र पाण्डुलिपीहरूको संरक्षण गरिरहेको देखेर आश्चर्यचकित भएको बताउनुभयो
- राष्ट्रपतिले, भारत-ब्राजील रणनीतिक साझेदारीले व्यापार र निवेश, रक्षा, तेल र ग्यास, कृषि र पशुपालन, अन्तरिक्ष, जस्ता क्षेत्रहरूमा निरन्तर प्रगति गरेकोमा खुशी व्यक्त गर्नुभयो
- भारत र ब्राजीलले डाक क्षेत्रमा सहयोगका लागि समझौता ज्ञापनमा गरेकोछ हस्ताक्षर, अनि
- गृह मन्त्रीले **स्वामी सहजानन्द सरस्वती** जयन्तीमा उहाँलाई अर्पण गर्नुभयो श्रद्धान्जलि

-----------

**22. मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो , **इण्डिया ए.आई इम्पेक्ट सम्मेलन** भविष्यमा यान्त्रिक मेधाको उपयोगको दिशामा एउटा महत्वपूर्ण पड़ाव प्रमाणित भएकोछ । आकाशवाणीबाट **मन की बात** कार्यक्रममा उहाँले बताउनुभयो, यस सम्मेलनका लागि नयाँ दिल्लीमा विभिन्न देशहरूका नेता, उद्योगपति, नवप्रवर्तक र स्टार्ट-अप संग जोड़ीएका मानिस उपस्थित भए । प्रधानमन्त्रीले भन्नुभयो, यस आयोजनामा **अमूल बूथ र सुश्रुत संहितालाई पनि** प्रदर्शन गरियो जसले विश्वका नेताहरूलाई धेरै प्रभावित गऱ्यो । **अमूल बूथमा** ए.आई-ले कसरी पशुहरूको

उपचारमा सहायता गरिरहेकोछ र किसानले चौबीसौ घण्टा यसको सहयोगले आफ्नो डेयरी फार्म र पशुहरूमा कसरी नजर राखीरहेकोछ बताइएको छ ।

श्री मोदीले भन्नुभयो, विश्व भरका नेता भारत आर्टिफिशियल इन्टेलीजेन्स अर्थात् यान्त्रिक मेधाको सहायताले प्राचीन ग्रन्थ, ज्ञान र पाण्डुलिपीहरूको संरक्षण गरिरहेको छ , यो देखेर आश्चर्यचकित थिए । उहाँले भन्नुभयो, भारतले पाण्डुलिपिहरूको छवि गुणस्तर सुधार गर्न, त्यसलाई पढ्न योग्य बनाउन र त्यसपछि ए.आई मार्फत पढ्न प्रविधि प्रयोग गरिरहेको छ। श्री मोदीले भन्नुभयो, प्राचीन ग्रन्थहरूमा अमूल्य भारतीय ज्ञानको धरोहर हो र यसलाई भारतीय र विदेशी भाषाहरूमा अनुवाद गर्न सकिन्छ। प्रधानमन्त्रीले भन्नुभयो, यो सम्मेलन ए.आईको क्षेत्रमा अहिलेसम्मकै ठूलो थियो। यसले विश्व समुदायलाई भारतको अद्भुत ए.आई क्षमताहरू हेर्ने अवसर दियो, जसमा तीन स्वदेशी रूपमा विकसित ए.आई मोडलहरू समावेश छन्। ....

**संशो। प्रधानमन्त्री-मेरठ**
प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तरप्रदेशको मेरठको शताब्दी नगर नमो भारत स्टेशनबाट मेरठ मेट्रो र नमो भारत ट्रेनको शुभारम्भ गर्नुभयो । उहाँले मेरठ साउथ स्टेशनसम्म मेट्रोको सवारी पनि गर्नुभयो । उहाँले देशको पहिलो **नमो भारत क्षेत्रीय तीव्र पारगमन प्रणाली** को शेष खण्डहरूको पनि उद्घाटन गर्नुभयो ।

## 93.राष्ट्रपति द्रौपदी मुर्मू - ब्राजील राष्ट्रपति- मिलन

राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रपति भवनमा ब्राजीलका राष्ट्रपति लुइज़ इनासियो लूला दा सिल्वालाई स्वागत गर्नुभयो अनि उहाँको सम्मानमा भोजको आयोजना पनि गर्नुभयो । राष्ट्रपतिले ए.आई इम्पेक्ट समिटमा उहाँको भागीदारी र बहुमूल्य योगदानका लागि उहाँलाई

धन्यवाद दिनुभयो । राष्ट्रपति मुर्मूले, भारत-ब्राजील रणनीतिक साझेदारीले केही क्षेत्रहरूमा निरन्तर प्रगति गरिरहेकोछ, जसमा व्यापार र निवेश, रक्षा, तेल र ग्यास, जैव-ईन्धन, कृषि र पशुपालन, स्वास्थ्य देखभाल र पारम्परिक चिकित्सा, अन्तरिक्ष, विज्ञान र प्रौद्योगिकी, डिजिटल सहयोग, र साइबर सुरक्षा शामेल रहेकोमा खुशी व्यक्त गर्नुभयो ।

### 31. भारत-ब्राजील डाक समझौता ज्ञापन

भारत र ब्राजीलले डाक क्षेत्रमा सहयोगका लागि समझौता ज्ञापनमा हस्ताक्षर गरेकोछ । समझौतामा संचार मन्त्री ज्योतिरादित्य सिन्धिया र ब्राजीलका संचार मन्त्री **फ्रेडरिको डी सिकेरा फिल्हो** –ले नयाँ दिल्लीमा हस्ताक्षर गर्नुभयो । संचार मन्त्रालयले यो समझौता शुरुमा पाँच वर्षका लागि हुने बताउनुभयो । मन्त्रालयले भनेकोछ, दुबै देश बीच अधिकारीहरू र विशेषज्ञको आदान-प्रदान हुनेछ, संयुक्त कार्यशालाहरू हुनेछ र सूचना साझा गरिनेछ।

### 36 भारत- एआई इम्पैक्ट समिट घोषणापत्र

ए.आई इम्पेक्ट समिट दुई हजार छब्बीसमा अपनाइएको **नयाँ दिल्ली घोषणापत्र लाई** उनान्नब्बे देश र अन्तरराष्ट्रीय संगठनहरूको समर्थन प्राप्त भएकोछ। यो आर्थिक विकास र सामाजिक कल्याणका लागि ए.आई-को उपयोगमा व्यापक वैश्विक सहमतिलाई दर्शाउँछ । घोषणा-पत्रको समर्थन गर्ने देशहरूमा अस्ट्रेलिया, फ्रान्स, जर्मनी, स्वीट्जरल्याण्ड, ब्राजील, यू.ए.ई, कनाडा, इस्राइल, ब्रिटेन, चीन, जापान, अमरीका, रूस, साउदी अरब, सिंगापुर र बांग्लादेश शामेल छ । नयाँ दिल्लीमा सम्पन्न भएको यस समिटमा विश्व भरका व्यापक भागीदारी देखीए। "सर्वजन हिताय, सर्वजन सुखाय" को सिद्धान्तबाट प्रेरित यस घोषणापत्रले

ए.आईका फाइदाहरू मानवताका सबै वर्गहरूमा समान रूपमा साझा गरिनुपर्छ भन्ने कुरामा जोड दिन्छ।

## 17-गृह मंत्री-स्वामी सहजानंद

गृह मन्त्री अमित शाहले आज **स्वामी सहजानन्द सरस्वती- को** जयन्तीमा उहाँलाई श्रद्धान्जलि अर्पण गर्नुभयो । सोशल मीडिया पोस्टमा श्री शाहले भन्नुभयो, स्वामी सहजानन्द सरस्वतीले आफ्नो पूरा जीवन जाति, धर्म र सम्प्रदायको आधारमा विभाजित देशलाई एकजुट गर्नका लागि समर्पित गर्नुभएको थियो । गृह मन्त्रीले भन्नुभयो, स्वामी सहजानन्दले किसानहरूलाई एकजुट गर्नुभयो र स्वतन्त्रता आन्दोलनमा शामेल हुनका लागि प्रेरित गर्नुभयो, साथै दुष्टताका विरूद्धमा समाजलाई जागरूक पनि गर्नुभयो ।

## 23. निर्वाचन आयोग-राष्ट्रीय सम्मेलन

निर्वाचन आयोगले मंगलवार चौबिस फरवरीमा राज्य चुनाव आयुक्तका साथ एउटा सम्मेलनको आयोजना नयाँ दिल्लीमा गर्नेछ। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। सम्मेलनमा, राज्य निर्वाचन आयुक्त आफ्नो कानूनी र तकनीकी विशेषज्ञ र सबै राज्य तथा केन्द्र शासित प्रदेशहरूको मुख्य चुनाव अधिकारी शामेल हुनेछन् । सम्मेलनको उद्देश्य निर्वाचन आयोग र राज्य निर्वाचन आयुक्तको कामकाजमा तालमेललाई बढ़ावा दिनु छ । सम्मेलनमा प्रौद्योगिकी, ई.वी.एम र मतदाता-सूची साझा गर्नमा चर्चा हुनेछ। आयोग अनुसार, यस प्रकारको सम्मेलन सताइस साल पछि हुँदैछ।

**संशो. जम्मू-कश्मीर आतंकवादी**

जम्मू-कश्मीरमा आज किश्तवार जिलामा अपरेशन त्राशी-1 अन्तर्गत सुरक्षा बलहरूका साथ भएको भिडन्तमा दुई आतंकवादी मारिए । आतंकवादी संगठन जैश-ए-मोहम्मद संग जोड़ीएका दुई पाकिस्तानी आतंकवादीहरूको उपस्थितिका बारेमा सुरक्षा बलले पाएको खुफिया जानकारी पछि बिहान चतरू बेल्टमा गोलीबारी शुरू भयो । सूचना पर कारवाई गर्दै , सेना, जम्मू-कश्मीर पुलिस र केन्द्रीय रिजर्व पुलिस बल सहित सुरक्षा बलको संयुक्त टीमहरूले इलाकामा खोजी अभियान चलाएकोछ । हाम्रा जम्मू संवाददाताले बताए अनुसार, **आतंकवादीहरूको पहिचान र उनीहरूको संगठनको पता लगाइदैछ र इलाकालाई घेरीएको छ।**

**मौसम**

मौसम विभागले केरल, माहे, तमिलनाडु, पुद्दुचेरी, कराईकल र दक्षिण कर्नाटकका केही भागमा भोली सम्म तिव्र बर्षा, गडेङ-गुरूङ र चमकका साथ तेज हवाको पूर्वानुमान व्यक्त गरेकोछ । देशको उत्तर-पश्चिमी भागमा अगिलो सात दिनमा अधिकतम तापमानमा दुई देखी चार डिग्री सेल्सीयसको वृद्धि हुनेछ, भने मध्य भारतमा अगिलो दुई दिन सम्म तापमानमा तिन देखी पाँच डिग्री सेल्सियसको वृद्धि हुन सक्छ। बंगाल र मन्नारको खाड़ी, केरल तट तथा लक्षद्वीप क्षेत्रमा आज हुरी बतासको अनुमान गरिएको छ।

----------